निबन्ध

# गीतको के कुरा...., जिन्दगी जिन्दावाद !

● आभास

अति सरलताले भनुँ कि सस्तो पनले भनुँ ? खै केले भनुँ ? साधनाका विधाहरुमा समेत हिजो आज गम्भीर साधकको त्यति महत्व रहेन । सन्दर्भ सङ्गीतको, बेला बखत नेपालको वर्तमान साङ्गीतिक चेतनाका बारेमा मित्रहरु बीच चर्काचर्की पर्छ । यस्तो बेला म पनि अनाहकमा छचल्कँदो रहेछु । मानौं नेपालीको नेपालीत्व जोगाउने ठेक्का मेरै थाप्लामा छ । बेफ्वाँक ! तर चित्त नपरेको कुरा त ओकल्नै पर्‍यो नि ! हो त्यही अधिकारको उपभोग गर्न खोज्छु ।

माइको बस चढेर आफूभन्दा ज्ञानीजनसम्म पुग्ने यात्रा तय गर्नुमा एक किसिमको मजा छ । जानु छ अम्बर गुरुङकोतर्फ । गुरूकोमा नगएको लामो अवधि भएछ । रिङ्रोडको दक्षिणी भेगबाट माइको बस चढ्छु । संजोग, कुनै रेडियोले उद्घोष गर्छ– 'आज हामी हाम्रा अदरणीय संगीतकार अम्बर गुरुङलाई सम्मान गर्दै उहाँका गीतहरु बजाउने छौं ।' बज्न थाल्छ–

**उकाली चढ्दा पसिना पुछ्ने**
**तिमी न भए अरु को होला**

ड्राइभर आफ्नो स्टेरिङ् काट्ने स्वभाव अनुरुप रेडियोको कान बटार्न थाल्छ । कुनै यात्रुको- 'त्यही सुनु न हो !' आवाजसंगै उस्का औलामा ब्रेक लाग्छन् । धन्न आफ्नो ग्राहकको अनुरोधलाई दुत्कारेन उस्ले । नत्र त्यो श्रोताको कानले आफ्नो इच्छा विपरित कुन र कस्तो अवस्थाको सामना गर्नु पर्थ्यो भन्न गाह्रो छ । यतिबेला मलाई आफूले भोगेका अनेकौं क्षणहरुको सम्झना भयो । ओहो ! ! ! पटक पटक रात्री बसमा यात्रा गर्दा कानले भोग्नु परेका अनौठा अवस्था । सङ्गीतको शैली र स्तरको बारेमा कुरा नगरौं । सबैलाई एउटै स्वाद र स्तर मन पर्नु पर्छ भन्ने आग्रह पनि छैन । तर गीत बजाउने भाँडो, 'प्लेयर' को अवस्था अकल्पनीय ! गीतका मौलिक गायिका आशा, लता अथवा कविता हुन्छन् तर बज्दै हुन्छ कुनै गायकको स्वर झैं । 'प्लेयर' भित्रको फित्ता खुकुलो भएर अथवा बढ्ता कसिएर निस्केको यो अद्भूत 'कन्फ्युजन' लाई हाम्रा यात्रीहरु नयाँ शैलीको 'फ्युजन' सम्झेर सुन्छन् सायद । नत्र किन आपत्ति हुन्न यस्तो हरर् र कर्कश अवस्थाको ? असैह्य भएपछि आपत्ति गर्दा, मैले चैं धेरै खेप सुनेको छु– 'असैह्य भए कान थुन्नु नि !'

प्रत्यक्ष अनुभूत गर्न सकिने स्वरको यस्तो गडबडीलाई समेत सजिलै पचाउन सक्ने हाम्रो जमातले कस्तो साङ्गीतिक चेतना राख्ला ? मनमा उठेको यस प्रश्नको पृष्ठभूमीमा ' ल ल गौशाला, चाबेल, गौँगबु' कण्डक्टरको कण्डक्सन आफ्नै रफ्तारमा चल्दै छ । धन्न अनेकौं गोलमाल बीचमै पनि सुनिँदै छ–

**यो जिन्दगीको के कुरा**
**यो सपना हो र के कुरा**

साँच्चै, यो त विपना नै हो, र त बेला बखत आउने अनमेल परिवन्धसित बिना चाह गाँसिनै पर्ने । सपना हुँदो हो त निद्रा छुटेपछि आफैं हुन्थ्यो विलिन । ऊ ! फेरि ड्राइभरले 'प्लेयर'को 'स्टेरिङ्' घुमाउन थाल्यो । अघिको त्यो अम्बर प्रेमी यात्रु बाहनबाट बाहिरिइ सकेछ ।

होइन ! ड्राइभरले सधैं हल्का फुल्का सङ्गीत मात्र सुन्छन् र भन्या ? या सुन्नु पर्ने जरुरी छ ? कवि हरिभक्त कटुवाल र कुनै ड्राइभर बीचको एउटा घटना सुनेथैं । त्यही सम्झन्छु । कविजीका कथा प्राय सोम-रससितै जोडिएका हुन्छन् । यो पनि त्यस्तै छ– एकरात मासाङ् गल्ली हो या कुन गल्लीबाट कविजी 'फूलट्रिपमा' निस्केको अवस्था रै'छ । लड्खडाउदै ट्याक्सी गुहार्दा रै'छन कविजी । ड्राइभरहरु भने नसुने झैं गर्ने । कविजी कुनै ट्याक्सीको छेउमै पुगेर ड्राइभरलाई आफ्नो परिचय दिन शुरु गर्छन्– 'भाइ तिमीले ***'पोखिएर घामको झुल्का'*** सुनेका छौ ?' ड्राइभर सङ्गीत प्रेमी रहेछ । सायद साहित्य प्रेमी पनि हुँदो हो । नारायण गोपालको स्वरमा गुञ्जेको ***'पोखिएर घामको झुल्का'*** लोकप्रियताको शिखरमा थियो । सम्भवत त्यसैले नै कविजीले आफ्नो परिचय गीतसित

जोड्न चाहे । ड्राइभरले गीत सुनेको र आफूलाई अति मन पर्ने जनाएपछि कविजीले मौका छोपी हालेछन्– 'भाइ त्यस गीतको गीतकार मै हूँ ।' ड्राइभरको बानीबेहोरामा अनायास परिवर्तन ! ! लडखडाइरहेका कविजीलाई अङ्कमाल गर्दै सिटमा राखेर डेरासम्मै पुऱ्याइदियो रे त्यो ड्राइभरले । एउटा श्रोताले सर्जकलाई दिएको आदरको यो भन्दा गतिलो उदाहरण के हुन सक्छ ? तर अहिलेका अधिकांश श्रोताका निम्ति विगतका त्यस खाले सर्जकको मात्र के कुरा त्यस खालको शैली नै अरुचीको हुन थाल्यो सायद । नत्र *'यो जिन्दगीको के कुरा'* बन्द गर्न किन आतुर छ यो ड्राइभर ? आखिर बन्द गरी छाड्यो । अहिलेका एकखाले श्रोताहरुको प्रतिनिधि श्रोता हो उ । सोच्छु मौनता तोडूँ । तर भो, उस्को इच्छाको हनन होला ।

थाल्छु गुरुजीसितका केही वर्तालाप सम्फन- कुनै दिन महाराजगञ्जबाट लाजिम्पाटतिरको पैदल यात्रामा हुन्छौं । बाटोमा पर्ने एउटा दूतावासको मुख्य ढोकामा नेपाली युवा युवतीहरुको लामो लस्कर छ । त्यतै सङ्केत गर्दै भन्नुहुन्छ गुरुजी- 'लौ हेर आभास ! हाम्रो हालको सामाजिक मनस्थिति यही हो । यो भागदौडमा सङ्गीत, साहित्य र कला भित्रको गाम्भीर्य औंल्याउने फुर्सद कतिलाई ?' त्यो दिन बितेको पनि वर्षौं भयो । त्यतिबेला लामलाग्नेहरु कति अङ्ग भङ्ग भएर फिरे हुन् र कतिले सपनाको महल ठड्याए हुन् । थाहा छैन । सुनिन्छ, चाहे हङ्कङ् पुगुन् या युरोप-अमेरिका, विभाजित नै छन् । विदेश घुमेर आएको एउटा मित्र भन्थ्यो- 'बुफिस्, त्यहाँ पनि खोलेका छन् अखिल, नेविसंघ, मंकाखल र घेदुङ् । अरेबाबा, अर्काको भूमीमा दोश्रो दर्जामा दर्ता भएर श्रम गर्दै छन्, खुरुक्क कमाउनु दाम या बनाउनु नि आफ्नो व्यक्तित्व र राख्नु मान नेपालको ! ! भित्रैको विभाजन कहाली लाग्दो छ त्यहाँ पनि त्यै ! ! ! ' मैले उसलाई व्यङ्ग्य कसेथैं- 'तँ पनि अनावश्यक सामाजिक जिम्मेवारीको बोफ आफ्नो काँधमा बोकेर बोफिलो हुँदैछस् ।' तर उसले वार्ताको गाम्भीर्य कायमै राख्यो र ती संघसंस्था बीच हावी छुवाछुत प्रति सुस्केरा काढ्दै भन्यो- 'यहाँबाट कार्यक्रम खातिर गएका कलाकारलाई समेत त्यही विभाजनको घेरामा राखेर व्यवहार हुँदो रै'छ ! अब भन्, कसरी हुन्छ आत्म निर्भर हाम्रो कला ?' मैले आफूमा छाउन खोजेको उदासीलाई लुकाउदै भन्न चाहें- 'हेर् भाइ, अभाव, पीडा र अप्ठ्यारोमै पनि सर्जकहरुको सिर्जना कर्म त निरन्तर छ नि, हेर्न हो ! त्यो उज्यालोतिर ।' तर केही भनिन । यस्तै तरङ्गमा रुमल्लिदै रिङरोडको उत्तरी भेग पुगी सकेछु । माइको बसका अगाडि अनेकौं बाहनहरु ठप्प छन् । कण्डक्टरको 'ल ल फलानो ठाउँ' को कण्डक्सन पनि ठप्प छ । भन्छ-अगाडि कतै 'तुल-बम' छरे ! कुनै यात्री यस्तैमा पनि जोक गर्न खोज्छ- 'आऽऽऽ जुम् न हो, हद्द होला तुलबमले जिन्दगी बोलबम होला ।' जिन्दगीलाई अप्ठेरोमै पनि निर्धक्क हाक्ने बानी पर्न थालेछ । म मुस्काउदै बाहन छोड्छु र नाप्न थाल्छु पाइला । बुढाको डेरा पुग्दा फेरि आकस्मिक संजोग । गीतिँदै छ जिन्दगीकै कुरा । हार्मोनियमको स्वरसंगै गुन्जिरहेछ उही परिचित आवाज-

**कतै अपार सागर होला, कतै सानो खोला**
**सागर हो कि जिन्दगी हाम्रो, हो कि सानो खोला**
**यही सोचेर बाँचेको छु म, जिन्दगी जिन्दावाद ! जिन्दावाद !**

२३ सेप्टेम्वर, २००३
काठमाण्डौ